
# फक्ताङलुङ गाउँपालिकाको
# प्रथम आवधिक योजना
# २०७९/८०-२०८३/०८४

| भूउपयोग | | |
| --- | --- | --- |
| जमिनको किसिम | क्षेत्र वर्ग मी. | % |
| बाझो जमिन | १०४०.२९ | ५५.९७ |
| बस्ती क्षेत्र | ०.६२ | ०.०३ |
| खेति गरिएको जमिन | ४४.९३ | २.४२ |
| चट्टान क्षेत्र | १.९२ | ०.१ |
| बन क्षेत्र | १९८.८१ | १०.७१ |
| हिमनदी | २८७.०९ | १५.४५ |
| घाँसे जमिन | २२.७३ | १.२२ |
| झाडी क्षेत्र | २४७.२४ | १३.३ |
| नदि नाला | १४.८९ | ०.८ |
| जम्मा | १८५८.५२ | १००. |




फक्ताङलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

२०७३

# बिषयसूची

१.१ पृष्ठभूमि ..... 3

१.२ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नुका उद्‌देश्यहरु ..... 4

१.३ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धी कानूनी आधार तथा ब्यवस्था ..... 5

१.४ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका प्रमुख प्राथमिकताहरु ..... 6

१.५ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा विधि ..... 7

२.१ गाउँपालिकाको परिचय ..... 9

२.२ भौगोलिक अवस्थिति ..... 9

२.२.१ भू–बनावट तथा फैलावट ..... 9

२.२.२ प्राकृतिक सम्पदा ..... 10

२.३ सामाजिक अवस्था ..... 13

## भाग १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा बिक्रम सम्बत २०१२ मा राष्ट्रिय योजना आगोगको गठन पश्चात नेपालको पहिलो पञ्चवर्षीय योजना (२०१३–२०१८) लागू भए सँगै योजनाबद्ध विकास प्रकृयाको थालनी भएको हो। अहिले नेपालमा पन्ध्रौं योजना चलिरहेको छ भने प्रदेश नं.१ मा प्रथम आवधिक योजना कार्यान्वयन भइरहेको छ। नेपालको योजना तर्जुमा प्रकृयालाई नियालेर हेर्दा अधिकांशतः “माथिबाट तल (Trickle-down)” अवधारणामा आधारित देखिन्छ। पञ्चायती ब्यवस्थामा विकेन्द्रीकरणको नीति अन्तर्गत नेपाललाई ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला र करिव ४,००० गाउँपञ्चायतमा विभाजन गरी प्रशासनिक विकेन्द्रीकरणको अभ्यास गरिएको भए पनि तल्लो तहलाई अधिकार सम्पन्न बनाउने इमान्दार प्रयत्नको सख्त अभाव थियो। फलतः सरकारी योजनाहरुले जनताका वास्तविक खाँचो र आकांक्षाहरुलाई सम्बोधन गर्न नसकेकै हो।

२०४७ सालको राजनीतिक परिवर्तन पश्चात् स्थानीय निकायहरुलाई क्रमशः अधिकार सम्पन्न बनाउँदै लैजाने र जनसहभागितामूलक योजना तर्जुमा विधिहरुलाई अनुसरण गर्ने कार्यले गति लिएको देखिन्छ। २०५२ सालमा “आफ्नो गाउँ आफैं बनाऔं” कार्यक्रम मार्फत पहिलो पटक गाउँ विकास समिति र नगर विकास समितिहरुलाई रु. ३ लाखको दरले बजेट बिनियोजन गरी आफ्नो गाउँ तथा नगर क्षेत्रको विकासको लागि स्थानीय तहमै योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रणालीको थालनी गरिए पश्चात स्थानीय तहमा योजना तर्जुमा प्रक्रियाले स्थान पाएको देखिन्छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई नेपालको बिकेन्द्रीकृत विकास प्रयासको दिशामा निकै महत्वपूर्ण कानूनी ब्यवस्थाको रुपमा लिन सकिन्छ। दुर्भाग्यवश, मुलुकमा ब्याप्त राजनीतिक अस्थिरता र जन निर्वाचित निकायहरुको अनुपस्थितिले गर्दा ती ऐन र नियमावलीहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको तथ्य जगजाहेर छ।

नेपालको संविधान,२०७२ मार्फत नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था र संघ, प्रदेश एवं स्थानीय तह गरी तीन तहको शासकीय स्वरुप कायम भई संविधानको अनुसूची ८ मा स्थानीय तहहरुका २२ वटा एकल अधिकारहरु सूचीकृत गरिएको छ, जसलमा हरेक स्थानीय तहले आफ्नो तहको विकासको लागि योजना तर्जुमा गर्नु पर्ने अनिवार्य संवैधानिक ब्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११, १२ र परिच्छेद ६, दफा २४ ले स्थानीय तहहरुले आफ्नो विकासको लागि आवधिक र वार्षिक योजनाहरु तर्जुमा गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ। संघ र प्रदेश सरकारबाट स्थानीय सरकारहरुलाई सशर्त, निःशर्त र वित्तीय समानीकरण लगायत शीर्षकहरुमा ठूलो परिमाणमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ भने स्थानीय तहमा राजश्व संकलन र परिचालन गर्ने सन्दर्भमा समेत स्थानीय सरकारहरुलाई ठूलो अधिकार प्रत्यायोजन गरिएको छ।

परिवर्तिन परिप्रेक्ष्यमा गाउँपालिका र नगरपालिकाहरु “स्थानीय सरकार” हुन्, जसले आफ्नो पालिकाको आवधिक योजना आफैंले तर्जुमा गर्नु पर्दछ। आवधिक योजनाको मार्गदर्शनमा हरेक आर्थिक वर्षको वार्षिक योजना, बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी तदनुरुप उपलब्ध स्रोत साधनहरुको बाँडफाँड र परिचालन गरी आफ्नो पालिका क्षेत्रको विकासलाई योजनाबद्ध एवं व्यवस्थित किसिमले अगाडि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ। यो गाउँपालिका र नगरपालिकाहरुको सर्वाधिक महत्वपूर्ण संवैधानिक एवं कानूनी दायित्व हो।

अतः गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नु भनेको नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत बिभिन्न ऐन कानूनले तोकी दिएको स्थानीय सरकार सञ्चालन सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्थाहरुको कार्यान्वयनको अभिन्न र सर्वाधिक महत्वपूर्ण हिस्सा मात्र नभई आफ्नो गाउँपालिकाको योजनाबद्ध, दिगो र व्यवस्थित विकासको जग बसाल्ने पहिलो खुड्किलो पनि हो।

यही तथ्यलाई हृदयङ्गम गरी फक्ताङलुङ गाउँपालिकाले प्रथम पञ्चवर्षीय योजना (२०७९/८०–२०८३/८४) तर्जुमा गरेर योजनाबद्ध विकासको पहिलो पाइला चालेको छ।

## १.२ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नुका उद्देश्यहरु

गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नुका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. गाउँपालिकाको योजनाबद्ध दिगो विकासको लागि अल्पकालीन एवं दीर्घकालीन योजना, कार्यक्रम र आयोजनाहरुको पहिचान, प्राथमिकीकरण र वर्गीकरण गर्ने।

२. प्रथम पञ्चवर्षीय योजनाको आधारमा वार्षिक योजनाहरु तर्जुमा तथा कार्यान्वयन गरी स्थानीय नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्ने कार्यलाई संस्थागत गर्ने।

३. गाउँपालिकाको विकासको लागि प्राप्त हुने साधन र श्रोतको अधिकतम परिचालन, उपयोग तथा थप साधन र श्रोतहरूको खोजी गर्न आवश्यक आधारशीला निर्माण गर्ने।

४. गाउँपालिकाको विकासको लागि प्राथमिकतामा परेका कार्यक्रम र आयोजनाहरु मध्ये आन्तरिक स्रोतबाट सम्पन्न हुने, प्रदेश सरकार मार्फत सम्पन्न हुने, संघीय सरकार मार्फत सम्पन्न हुने तथा निजी क्षेत्रको सहभागिता रहने गरी आयोजनाहरुको वर्गीकरण गरी सोही अनुरुप बजेट व्यवस्था गर्न र साझेदारी एवं सहकार्य गर्न सम्बन्धित तह र पक्षहरुसँग समन्वय गर्न सहयोग गर्ने।

५. शहरीकरणको विश्वव्यापी प्रवाहलाई मध्यनजर गरी गाउँपालिकाभित्र व्यवस्थित र नियोजित बस्ती विकासको जग बसाल्न सहयोग गर्ने।

## १.३ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धी कानूनी आधार तथा व्यवस्था

मौजूदा संवैधानिक एवं कानूनी व्यवस्था अनुसार गाउँपालिकाहरुले आफ्नो सर्वाङ्गीण विकासको लागि आवधिक, रणनीतिक, विषयगत र क्षेत्रगत योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नाका लागि पर्याप्त कानूनी आधारहरु छन्, जसलाई देहाय बमोजिम चर्चा गर्न सकिन्छः-

क. नेपालको संविधान, २०७२ को अनुसूची ८ को क्रमसंख्या ७ मा स्थानीय तहको योजना तर्जुमा सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ।

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६, दफा २४ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत तथा क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ।

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ (छ) (११) मा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्नु पर्ने तथा (१२) मा नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्नु पर्ने स्पष्ट व्यवस्था गरिएको छ।

घ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना निर्माण गर्नु पर्ने व्यवस्था गरिएको छ।

ङ. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक, सामाजिक विकासको लागि

आवधिक योजना तर्जुमा गर्नु पर्ने र यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नु पर्ने ब्यवस्था गरेको छ।

च. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले दीर्घकालीन सोच अनुसार आवधिक योजना, आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचना र सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने ब्यवस्था गरेको छ।

## १.४ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका प्रमुख प्राथमिकताहरु

फक्ताङलुङ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाको प्रमुख प्राथमिकता देहायका क्षेत्रहरुमा रहेको छः

१. **पूर्वाधार विकासः** गाउँपालिकावासी नागरिकहरुको सामाजिक–आर्थिक अवस्थामा देखिने गरी परिवर्तन ल्याउन आवश्यक पर्ने पूर्वाधार विकास, जस्तैः सडक, पुल, सरकारी भवन, उर्जा, सूचना प्रविधि, सिंचाइ निर्माण कार्यलाई उच्च प्राथमिकता दिइएको छ।

२. **आर्थिक विकासः** गाउँपालिकावासी नागरिकहरुको आर्थिक अवस्थामा देखिने र महशुस गर्न सकिने गरी परिवर्तन ल्याउनको लागि कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्व बृद्धि गर्ने, पर्यटन, घरेलु तथा साना उद्योग विकास, मूल्य श्रृङ्खला विकास तथा युवा केन्द्रित सीप÷रोजगारमूलक तालिम मार्फत रोजगारी र स्वरोजगारीका यथेष्ट अवसरहरु सिर्जना गर्ने विषयहरुलाई उच्चतम प्राथमिकता दिइएको छ।

३. **सामाजिक विकासः** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइको प्रबन्ध तथा सामाजिक न्याय, समानता र समावेशिताको मर्म अनुरुप पिछडिएको वर्ग, क्षेत्र र समुदायको सशक्तीकरण मार्फत गाउँपालिकावासी नागरिकहरुको सामाजिक अवस्थामा देखिने र महशुस गर्न सकिने गरी परिवर्तन ल्याउने विषयलाई उच्च प्राथमिकता दिइएको छ।

४. **वातावरणीय विकास तथा बिपद् ब्यवस्थापनः** समय–रेखा अध्ययन अनुसार विगतमा गाउँपालिकाका अधिकांश भागहरुमा पहिरोबाट ज्यादै ठूलो जनधनको क्षति हुँदै आएको र अत्यन्त भिरोलो भू–बनोटको कारण अधिकांश भागहरु सधैं पहिरोको उच्च जोखिममा रहिरहेको यथार्थलाई मनन् गर्दै बायो–इन्जिनियरिङ प्रविधिको प्रयोगबाट पहिरो नियन्त्रण गर्ने तथा जीविकोपार्जनका दिगो उपायहरुको अवलम्बन मार्फत वातावरण संरक्षण, प्रकोप ब्यवस्थापन र गाउँपालिकावासी नागरिकहरुको पुनर्उत्थानशील क्षमता ९च्भकष्भिलअभ० अभिबृद्धि गर्ने विषयलाई रणनीतिक महत्व दिइएको छ।

५. **सुशासन र सेवा प्रवाहः** “नतिजामुखी प्रशासनः समृद्धि र सुशासन” भन्ने नारालाई आत्मसात गर्दै चुस्त, स्फुर्त, सदाचारयुक्त, जनउत्तरदायी, पारदर्शी, समावेशी र समतामूलक जनप्रशासन र सुशासन प्रत्याभूत गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यलाई अधिकतम प्राथमिकता दिइएको छ।

## १.५ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा विधि

फक्ताङलुङ गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गर्दा देहायका विधिहरु प्रयोग गरिएको छः-

**क. योजना तर्जुमा अभिमुखीकरण गोष्ठीः**

गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नु पर्नाको कारण, योजनाको अवधारणा र प्रारुप, योजना तर्जुमा विधि तथा समय-तालिका, योजनामा समावेश हुने प्रमुख क्षेत्र, कार्यक्रम तथा आयोजनाहरु, छनौट हुने कार्यक्रम र आयोजनाहरुको प्राथमिकीकरण, स्रोत अनुमान, बजेट प्रक्षेपण जस्ता सवालहरुमा गाउँ कार्यपालिका र शाखा प्रमुखहरुको सहभागितामा मिति २०७९ साल चैत्र १३ गते बृहत अभिमुखीकरण गोष्ठी आयोजना गरी छलफल र अन्तरकृया गरिएको छ। त्यस्तो अन्तरकृया कार्यक्रमबाट प्राप्त हुने सल्लाह, सुझावहरुलाई आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा मार्गदर्शनको रुपमा प्रयोग गरिएको छ।

**ख. आधारभूत सूचना संकलन तथा वस्तुस्थिति विश्लेषणः**

गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि गाउँपालिकाको वस्तुगत विवरण (Municipal Profile) र वडा (साविक गा.वि.स.हरु) का प्रकाशित प्रोफाइलहरु जनगणना, २०७८, नेपालको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), प्रदेश नं. १ सरकारको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१), राष्ट्रिय तथ्याङ्क विभागका अध्यावधिक तथ्याङ्कहरु, ताप्लेजुङ जिल्लाको प्रोफाइल र दिगो विकास लक्ष्यका सूचकहरु समेतको सुक्ष्म अध्ययन र विश्लेषण गरिएको छ।

वस्तुस्थिति विश्लेषण, योजना छनौट र प्राथमिकीकरण गर्न गाउँपालिकाभित्रको सबै वडाहरु र विषय क्षेत्रगत समितिहरुसँग छलफल गरिएको छ। लेखा र राजश्व शाखाबाट विगत ३ वर्षको आय-व्यय विवरण संकलन गरी आगामी ५ वर्षको बजेट प्रक्षेपण गरिएको छ।

**ग. आवधिक योजना तर्जुमा गोष्ठीः**

आधारभूत सूचना र तथ्याङ्क संकलन गर्ने तथा विषय क्षेत्रगत समितिहरु र वडा समितिहरुबाट वस्तुस्थिति विश्लेषण, योजना छनौट र प्राथमिकीकरण गर्ने र लेखा तथा राजश्व शाखाबाट

आन्तरिक एवं वाह्य स्रोतको विवरण संकलन गरेपछि मिति २०७९ साल असार ७ गते बृहत आवधिक योजना तर्जुमा गोष्ठी आयोजना गरी आवधिक योजनाको समष्टिगत स्वरुप तयार गरिएको छ।

**घ. आवधिक योजनाको प्रारम्भिक मस्यौदा निर्माणः**

वडागत तथा विषय क्षेत्रगत शाखाहरुबाट प्राप्त योजना र कार्यक्रमहरुलाई समेटेर नतिजा खाका (Results Matrix) को ढाँचामा योजनाको प्रारम्भिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका तथा अन्य सरोकारवाला पक्षहरुसँग आवश्यक छलफल गरिएको छ।

ङ. **आवधिक योजनाको प्रारम्भिक मस्यौदा अनुमोदन, प्रमाणीकरण तथा प्रकाशनः**

प्रारम्भिक प्रतिवेदन उपर छलफलबाट प्राप्त सल्लाह, सुझाव र पृष्ठपोषणहरुलाई समेटेर आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरी सोको प्रिण्टेड प्रति र बिद्युत्तीय प्रति गाउँ कार्यपालिका समक्ष पेश गरिएको छ।

तत्पश्चात् गाउँ कार्यपालिकाले अन्तिम दस्तावेजलाई स्वीकृत गरी प्रमाणीकरण र प्रकाशनको लागि आवश्यक कार्य गर्ने छ।

♣

# फक्ताङलुङ गाउँपालिकाको संक्षिप्त परिचय


## २.१ गाउँपालिकाको परिचय

फक्ताङलुङ गाउँपालिका १ नं. प्रदेश अन्तर्गत ताप्लेजुङ जिल्लाका ८ गाउँपालिकाहरु र १ नगरपालिका मध्ये एक हो। ताप्लेजुङ जिल्लाका साविक ६ वटा गा.वि.स.हरु – सावादेन, खेजेनिम, लिङखिम, इखाबु, तापेथोक, लेलेप र ओलाङचुङगोलालाई मिलाएर स्थापना गरिएको यो गाउँपालिकाको केन्द्र गाउँपालिकाको वडा नं. ५, साबिक तापेथोक गा.वि.स. को 'तापेथोक गाउँ' लाई कायम गरिएको छ। गाउँपालिकाको वडा नं. ६ मा अवस्थित पवित्र कुम्भकर्ण हिमाललाई स्थानीय लिम्बु भाषामा पुकारिने नाम 'फक्ताङलुङ' बाट यस गाउँपालिकाको नामाकरण गरिएको छ। याक्थुङ लिम्बू जातिले फक्ताङलुङ हिमाललाई सृष्टिकर्ता तागेरा निङवाफु माङको वासस्थानको रुपमा पुज्ने गर्दछन्।

## २.२ भौगोलिक अवस्थिति

### २.२.१ भू–बनावट तथा फैलावट

फक्ताङलुङ गाउँपालिका ताप्लेजुङ जिल्लाको सुदूर उत्तरमा रहेको छ। यो गाउँपालिकाको पूर्वमा ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाउँपालिका र भारतको सिक्किम, पश्चिममा ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका, संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका र चीनको तिब्बत, उत्तरमा चीनको तिब्बत तथा दक्षिणमा ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका, मिक्वाखोला गाउँपालिका र सिरिजङ्घा गाउँपालिका रहेका छन्।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

यो गाउँपालिकाको केन्द्र तापेथोक गाउँ ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङ बजारबाट करिव २४ किलोमिटर दूरीमा रहेको छ। राजनीतिक विभाजनको हिसाबले यो गाउँपालिका एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको ताप्लेजुङ जिल्लाको प्रदेशसभा निर्वाचन क्षेत्र नं. 'ख' अन्तर्गत पर्दछ।


भौगोलिक अवस्थितिको हिसाबले यो गाउँपालिका ८७°३९'०" देखि ८८°१२'६" पूर्वी देशान्तरसम्म तथा २७°२४'२१" देखि २७°५५'१०" उत्तरी अक्षांशसम्म समुद्री सतहबाट ८६० मिटरदेखि ८,५८६ मिटर उचाइसम्म फैलिएको छ। यो गाउँपालिकाको कूल क्षेत्रफल १,८५८.५१ वर्ग किलोमिटर रहेको छ। यसरी, यो गाउँपालिकाले ताप्लेजुङ जिल्ला (३,६४६ वर्ग किलोमिटर) को आधाभन्दा बढी क्षेत्रफल ओगटेको छ। क्षेत्रफलको हिसाबले यो गाउँपालिका हुम्ला जिल्लाको नाम्खा गाउँपालिका (२,४२० वर्ग किलोमिटर) र मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिका (२,१०७ वर्ग किलोमिटर) पछिको तेस्रो ठूलो गाउँपालिका हो।

### २.२.२ प्राकृतिक सम्पदा

तमोर नदीको बेंसीदेखि विश्वको तेस्रो उच्च हिमशिखर कञ्चनजङ्घासम्म फैलिएको यो गाउँपालिका जलस्रोत, वन पैदावार, जैविक विविधता र उच्च हिमश्रृङ्खलाले सुसज्जित प्राकृतिक सम्पदाले सम्पन्न गाउँपालिका हो।

**क. जमीनः**

गाउँपालिकाको वस्तुगत विवरण, २०७६ अनुसार खेतीयोग्य जमिन ४४.९६ वर्ग किलोमिटर (२.४२%) मात्र रहेको देखिन्छ। समग्रमा, गाउँपालिकाको भू-उपयोगको अवस्था निम्न अनुसार रहेको देखिन्छः




*स्रोतः गाउँपालिकाको वस्तुगत विवरण, २०७६*

## ख. जलस्रोतः

जलस्रोतमा यो गाउँपालिका अति सम्पन्न छ। तमोर नदीको उद्गमस्थल नै यही गाउँपालिका हो। तमोर नदीको अतिरिक्त घुन्सा खोला, ढासा खोला र हेल्लोक खोला जस्ता तमोर नदीका सहायक नदीहरुबाट समेत प्रचुर मात्रामा जलबिद्युत्त उत्पादन हुन सक्ने सम्भावना छ। सिंचाई र खानेपानीको लागि पानीको अभाव वा समस्या नपर्ने गाउँपालिका हो, फक्ताङलुङ। उत्तरतर्फ रहेका रामदाङ र छिजिमे जस्ता हिमनदीहरु तमोर नदीलाई सदाबहार नदी बनाउने मुख्य मुहानहरु हुन्। गाउँपालिकाको वडा नं.४ मा पर्ने माङछाँगा भनिने अति नै मनमोहक झरना, लाङमाले र टिम्पाला क्षेत्रमा रहेका विशाल तालहरु भविष्यमा पर्यटनको केन्द्र बन्न सक्ने उच्च सम्भावना रहेको छ।

## ग. जंगलः

यो गाउँपालिकाभित्र जंगल क्षेत्र  १९८.८१ वर्ग किलोमिटर (१०.७०%) र बुट्यान क्षेत्र २४७.२४ वर्ग किलोमिटर (१३.३०%) रहेको छ। भीरपहराले ढाकेको जमीनको क्षेत्रफल १.९२ वर्ग किलोमिटर (०.१०%) मात्र नहुनु पर्ने हो, कूल १०४०.२९ वर्ग किलोमिटर (५५.९७%) क्षेत्रफलमा फैलिएको खाली जमीनको अधिकांश भाग घाँसयुक्त भीरपहरा हुन सक्दछ। घाँसे जमीन, वनजंगल, बुट्यान, नदीनाला र हिमनदीले ढाकेको जमीन निकै धेरै छ। सल्ला, चाँप, काउलो, कट्टुस, बाँझ, गुराँस, देबदार, उत्तीस, धुपीसल्ला जस्ता काष्ठजन्य वनस्पतिहरु पनि यहाँको जंगलमा पर्याप्त मात्रामा पाइन्छ। फलस्वरुप, यो

गाउँपालिका काठ, गैर-काष्ठ वन पैदावार र पशुपालनको लागि आवश्यक चरन क्षेत्रको लागि निकै सम्पन्न छ। गाउँपालिकाको दक्षिणी क्षेत्र बाख्रापालन र गाई भैंसीपालनको लागि उपयुक्त छ, उत्तरी क्षेत्रको अनकन्टार भू-भाग याकपालनको लागि उपयुक्त छ।

### घ. जैविक विविधताः

यो गाउँपालिका जैविक विविधताको दृष्टिले अति नै सम्पन्न पालिका हो। कञ्चनजङ्घा संरक्षण क्षेत्र नेपालकै सर्वाधिक सघन जैविक विविधतायुक्त क्षेत्र हो। यो क्षेत्र विश्वकै अति दुर्लभ वन्यजन्तुको रुपमा लिइने हिमचितुवा र रातोपाण्डाको अतिरिक्त कस्तुरी, मृग, घोरल, नाउर, बाघ, भालु, डाँफे, मुनाल, लुइँचे, कालिज, चितुवा, निगाले, रतुवा, बँदेल जस्ता वन्यजन्तु र पंक्षीहरुको पनि साझा वासस्थान हो। गाउँपालिकाको उत्तरी भेगमा पाँचऔंले, सतुवा, यार्चागुम्बा, पदमचाल, बिख्मा, कुड्की, जटामसी, चिराइतो, बुढीओखती, पाखमबेद, धुपी, लौंठसल्ला, हातेजडी, टिमुर जस्ता औषधीय गुणयुक्त वहुमूल्य जडिबुटीहरु र वनस्पतिहरु पाइन्छ।

### ङ. हिमालः


नेपालको दोस्रो तथा विश्वकै तेस्रो अग्लो कञ्चनजङ्घा हिमाल र यससँगै जोडिएर रहेका ८,००० मिटरभन्दा अग्ला दुईवटा हिमशिखरहरु (कञ्चनजङ्घा बी र कञ्चनजङ्घा सी), किराँत र लिम्बू जातिको मुन्धुममा बर्णित पवित्र कुम्भकर्ण हिमाल, लुम्बासुम्बा हिमाल सहितको बाह्रै महिना हिउँले ढाक्ने हिमश्रृङ्खला अमूल्य प्राकृतिक वरदान हो। प्रसिद्ध पाथीभरा मन्दिर (मुक्कुमलुङमा) पनि यही गाउँपालिकाभित्र अवस्थित छ।


वास्तवमा, कञ्चनजङ्घा हिमाल नै त्यो हिमाल हो, जसले नेपालमा आरोहण पर्यटनको शुरुवात भएको थियो र सगरमाथालाई विश्वको सर्वोच्च शिखर घोषणा गर्नु पूर्व यसलाई नै विश्वको सर्वोच्च शिखर मानिन्थ्यो। कञ्चनजङ्घा क्षेत्रमा आरोहण पर्यटनको अतिरिक्त पर्यापर्यटन र धार्मिक सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना छ। टिप्ताला भञ्ज्याङ यो गाउँपालिकाको अर्को प्राकृतिक वरदान हो, जसबाट गाउँपालिकाको आन्तरिक आय असीमित रुपमा बृद्धि हुन सक्दछ।

## २.३ सामाजिक अवस्था

### जनसंख्या

राष्ट्रिय जनगणना, २०६८ अनुसार फक्ताङलुङ गाउँपालिकाको कूल घरधुरी संख्या २,५२५ र कूल जनसंख्या १२,०१७ रहेको छ, जसमध्ये पुरुष र महिला संख्या क्रमशः ५,८८० र ६,१३७ रहेको देखिन्छ। तर, गाउँपालिकाको वस्तुगत विवरण, २०७६ अनुसार घरसंख्या २,७११, महिलाः ६,९१९ र पुरुषः ७,५६० गरी कूल जनसंख्या १४,४७९ जना रहेको देखिन्छ भने जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार घरसंख्या २,७००, महिलाः ५,६८६ र पुरुषः ६,२३९ समेत कूल जनसंख्या ११,९२५ जना रहेको देखिन्छ। घरसंख्या बृद्धिदर धनात्मक हुने तर जनसंख्या बृद्धिदर चाहिँ ऋणात्मक हुने, यो चासो र चिन्ताको विषय हो।




औसत परिवार संख्या ५.३४ देखिन्छ। जनगणना २०६८ मा महिला:पुरुष लैंगिक अनुपात धनात्मक देखिए पनि घरधुरी सर्वेक्षण २०७६ र जनगणना २०७८ मा भने यो अनुपात ऋणात्मक देखिन्छ। राष्ट्रिय

जनसंख्याको अनुपातको बिपरित यो गाउँपालिकाको लैंगिक अनुपात ऋणात्मक हुनु पनि चासोकै विषय हो। यसरी हेर्दा उक्त तथ्याङ्कहरु त्यति भरपर्दो र विश्वसनीय देखिँदैन।


उमेर समूह र आर्थिक रुपले सकृय जनसंख्या बिबरण देहाय बमोजिम देखिन्छ:


| उमेर समूहमा आधारित जनसंख्या | | | | | | आर्थिक रुपले सकृय जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| १ वर्षमुनि | १ - ५ वर्ष | ६ - १८ वर्ष | १९ - ५९ वर्ष | ६० वर्षमाथि | जम्मा | संख्या | प्रतिशत |
| ११४ | ७१२ | २०१९ | ३५०५ | ५६९ | ६९१९ | ३५०५ | ५०.६६ |
| १३६ | ८०८ | २०१४ | ३९११ | ६९१ | ७५६० | ३९११ | ५१.७३ |
| २५० | १५२० | ४०३३ | ७४१६ | १२६० | १४४७९ | ७४१६ | ५१.२२ |

नोटः १८ वर्षभन्दा माथि ६० वर्षसम्मको उमेर समूहको जनसंख्यालाई आर्थिक रुपले सकृय जनसंख्या मानिएको छ।


## जाति, भाषा र धर्मः

जातिगत र धर्मगत जनसंख्याको वितरण देहाय बमोजिम रहेको छः









मातृभाषाको आधारमा यो गाउँपालिकामा ८ वटा भाषा बोल्ने समुदायको वसोवास रहेको देखिन्छ, जसमध्ये सबैभन्दा ठूलो संख्या लिम्बु भाषीहरु रहेका छन् भने सबैभन्दा कम मगरभाषीहरु रहेका छन्।




## खानेपानी तथा सरसफाइः




खानेपानी आपूर्तिको अवस्था:


शौचालयको ब्यवस्था:

## शिक्षा


फक्ताङलुङ गाउँपालिकाको समग्र साक्षरता दर ७४.५७ प्रतिशत रहेको देखिन्छ। गाउँपालिकाको वस्तुगत विवरणबाट बालबालिकाहरुको विद्यालय भर्ना दर, निरन्तरता दर, सिकाइ उपलब्धि दर, उतीर्ण दर जस्ता

शिक्षा क्षेत्रको योजना निर्माणको लागि अत्यावश्यक तथ्याङ्क उपलब्ध हुन सकेन। गाउँपालिकाको शैक्षिक अवस्था झल्काउने केही तथ्याङ्कहरुलाई हेरौः


**साक्षरताः** गाउँपालिकाको साक्षरताको समग्र चित्र यस प्रकार छः




**बिभिन्न तह उतीर्ण जनसंख्याको समग्र अवस्थाः**




**हाल अध्ययनरत विद्यार्थी संख्या निम्न अनुसार रहेको छः**





## विद्यालय संख्या तथा शिक्षक दरबन्दीः

गाउँपालिकाभित्र ४० वटा विद्यालयहरु र xx शिक्षकको दरबन्दी कायम रहेको देखिन्छः

| विद्यालयहरु | | | |
|---|---|---|---|
| वडा नं. | आधारभूत | माध्यमिक | जम्मा |
| १ | ३ | १ | ४ |
| २ | ६ | १ | ७ |
| ३ | ७ | १ | ८ |
| ४ | ५ | २ | ७ |
| ५ | ३ | १ | ४ |
| ६ | ८ | १ | ९ |
| ७ | १ | ० | १ |
| जम्मा | ३३ | ७ | ४० |

| तह | स्वीकृत दरबन्दी | राहत दरबन्दी | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | | | |
| नि.मा. | | | |
| मा.वि. | | | |
| जम्मा | | | |

## विद्यालयहरुमा भौतिक एवं शैक्षिक पूर्वाधार विकासको अवस्थाः



दुःखको कुरा, गाउँपालिकाको वस्तुगत विवरणबाट विद्यालयहरुमा सूचना प्रबिधि, इन्टरनेट सेवा र विद्युत्तीय सिकाइको अवस्था के कस्तो छ भन्ने जानकारी हासिल हुन सक्दैन।

### स्वास्थ्य

गाउँपालिकाको स्वास्थ्य सम्बन्धी आधारभूत तथ्यहरुः

**क. स्वास्थ्य संस्थाहरुः ८ वटा**

- स्वास्थ्य चौकीः ७ वटा
- सामुदायिक स्वास्थ्य एकाइः १ वटा

**ख. स्वास्थ्यकर्मीहरुः**

- सामान्य चिकित्सकः २ जना
- हेल्थ असिस्टेन्टः ६ जना
- अ.हे.व.: १३ जना
- अ.न.मी.: १४ जना

**ग. गाउँपालिकामा उपलब्ध स्वास्थ्य सेवाहरुः**

- सुरक्षित मातृत्व सेवा
- खोप तथा पोषण सेवा
- मातृशिशु सुरक्षा तथा परिवार नियोजन सेवा
- प्राथमिक उपचार तथा रोगहरुको उपचार सेवा

**घ. गाउँपालिकामा हुने मृत्युको मुख्य कारणः**

- नसर्ने प्रकृतिका रोगहरु – रक्तचाप, दम, मधुमेह, मुटुरोग, अर्बूद, आदि।

**ङ. प्रमुख सरुवा रोगहरुः**


- निमोनियाँ, झाडापखाला, क्षयरोग, कुष्ठरोग, आदि।

## २.३ आर्थिक अवस्था

गाउँपालिकाको वस्तुगत विवरणबाट गाउँपालिकाभित्रको समग्र आर्थिक अवस्था, कृषि, पशुपंक्षीपालन, पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति जस्ता क्षेत्रहरुको यथेष्ट सूचना र तथ्याङ्क उपलब्ध हुन नसक्नाले गाउँपालिकाको वर्तमान आर्थिक अस्थाको लेखाजोखा पर्याप्त मात्रामा गर्न सम्भव भएन। सीमित तथ्याङ्कहरुलाई देहाय बमोजिम संक्षेपीकरण गर्न सकिन्छः

## पेशागत अवस्थाः


पेशागत आधारमा हेर्दा जनसंख्याको ठूलो हिस्सा अझै पनि परम्परागत कृषिमा आस्रित देखिन्छ। जनसंख्याको बाँडफाँड निम्न अनुसार छः




## कृषि तथा पशुपालनः

### कृषि उत्पादनमा आत्मनिर्भरताको अवस्थाः

गाउँपालिकाभित्र आफ्नो कृषि उत्पादनले ४ देखि ६ महिनासम्म पुग्ने परिवार संख्या बढी देखिन्छः




### कृषि उत्पादनः

गाउँपालिकाभित्र कृषि उत्पादनको वर्तमान अवस्था देहाय बमोजिम छः

| कृषि उपज | क्षेत्रफल (रोपनी) | उत्पादन (क्वीन्टल) | बिक्री (क्वीन्टल) |
|---|---|---|---|
| अन्नबाली | २४,४१९ | ४०,७९६ | १,८९९ |
| दलहन बाली | ८६६ | १९६ | १३१ |

## कृषि तथा पशुपालन फार्महरुको अवस्थाः

गाउँपालिकाभित्र सञ्चालनमा रहेका कृषि तथा पशुपालन फार्महरुको विवरण निम्न अनुसार देखिन्छः

| फार्म | संख्या | स्वरोजगारी/रोजगारी प्रबर्द्धन |
|---|---|---|
| कृषि फार्म | १ | ३ जना |
| बंगुरपालन फार्म | १ | ६ जना |
| कुखुरापालन फार्म | १ | १ जना |
| बाख्रापालन फार्म | १ | ८ जना |
| गाईपालन फार्म | १ | २ जना |

## कृषक समूहहरुको अवस्थाः

फक्ताङलुङ गाउँपालिकाभित्र रहेका कृषि तथा पशुपालन समूहहरुको विवरण निम्न अनुसार देखिन्छः

| समूह | महिला सदस्य | पुरुष सदस्य | कूल सदस्य |
|---|---|---|---|
| कृषक समूह | ७ | २३ | ३० |
| पशुपालन कृषक समूह | ३ | ७ | १० |

## अन्य विवरणः

सुधारिएको पानी घट्टः १ वटा

बिजुलीबाट चल्ने मिलः ७ वटा

कृषि उपज संकलन केन्द्रः १ वटा

## ब्यापार ब्यवसायः

फक्ताङलुङ गाउँपालिकाभित्र सञ्चालनमा रहेका ब्यापार ब्यवसायहरुको विवरण निम्न अनुसार छः

- किराना पसलः २८ वटा
- साधारण किसिमका होटल, रेष्टुरेन्टः ८ वटा
- विदेशी पर्यटक स्तरका होटल, लजः १८ वटा
- कपडा पसलः ६ वटा
- कस्मेटिक्स पसलः १ वटा

## पर्यटनः

फक्ताङलुङ गाउँपालिका ताप्लेजुङ जिल्लाको एक त्यस्तो गाउँपालिका हो, जसले रोयल्टी बाँडफाँड शीर्षकबाट समेत अनुदान प्राप्त गर्ने गर्दछ। कञ्चनजङ्घा, कुम्भकर्ण हिमाल आरोहण बापत प्राप्त हुने रोयल्टीको अंश यो गाउँपालिकाले प्राप्त गर्दछ। तथापि, गाउँपालिकाभित्र पर्यटन पूर्वाधार विकासका कार्यहरु उल्लेख्य रुपमा भएको देखिंदैन। गाउँपालिकाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरु देहाय बमोजिम रहेका छन्:-

### प्रमुख पर्यटकीय स्थलहरुः

| पर्यटकीय स्थलको नाम | महत्व | वार्ड नं. | सडकको पहुँच |
|---|---|---|---|
| पाथीभरा – मुक्कुमलुङ्गा (सेमुक्ति मुक्तु कोक्मा) | धार्मिक | ३ | नपुगेको |
| याक्चेयक्मा | धार्मिक | २ | पुगेको |
| पारुम मारुम फुक्को | धार्मिक | ६ | नपुगेको |
| फक्ताङलुङ (कुम्भकर्ण हिमाल) | पर्यटकीय | ६ | नपुगेको |
| कञ्चनजङ्घा | पर्यटकीय | ६ | नपुगेको |
| मुरिङ्ला | पर्यटकीय | ४ | नपुगेको |
| डिकिछ्योलिङ गुम्बा | धार्मिक | ७ | नपुगेको |
| ज्योदाङ छ्योसाङ गुम्बा | धार्मिक | २ | पुगेको |
| गोरुजुरे | धार्मिक | १ | नपुगेको |
| इम्बिरी थाङवामा किराँत माङहिम | धार्मिक | ५ | पुगेको |
| किराँत मन्दिर | धार्मिक | २ | पुगेको |
| पाथीभरा मन्दिर | धार्मिक | २ | नपुगेको |
| नागथान | धार्मिक | ४ | पुगेको |
| माङछाँगा | पर्यटकीय | ४ | नपुगेको |
| मण्डली चर्च | धार्मिक | २ | पुगेको |
| घुन्सा गुम्बा | धार्मिक | ६ | नपुगेको |
| नाहाङमा यक (हाङबरुङ चोल्लुङदेन) | धार्मिक | २ | पुगेको |

### विदेशी पर्यटक स्तरका होटलहरुः

- होटल संख्याः १८ वटा
- कोठा संख्याः १६३ वटा
- बेड संख्याः ३०९ वटा

**प्रमुख पर्यटकीय आकर्षणहरुः**

- पाथीभरा माताको मन्दिरः धार्मिक पर्यटकहरुको प्रमुख गन्तब्यस्थल
- कञ्चनजङ्घा हिमालः पदयात्री तथा आरोहण पर्यटकहरुको गन्तब्यस्थल
- सेलेले-घुन्सा-ओलाङचुङगोला-लाङमाले-लुम्बासुम्बा पर्यापर्यटकीय पदमार्ग

# २.४ पूर्वाधार विकास

### सडक

गाउँपालिकाभित्रका मुख्य सडकहरु निम्न अनुसार छन्

१. ओलाङचुङगोला लोकमार्ग (सुकेटार-ओलाङचुङगोला-टिप्ताला)
२. तमोर करिडोर (मितलुङ-छिरुवा-रानीपुल-इलाडाँडा)
३. सिवा-हाङबोरुङ-वागुबापोखरी-फङफङदेन मार्ग
४. सावादेन-खेजेनिम-इखाबु-लेलेप क्षेत्रीय सडक

### पुल


गाउँपालिकाभित्र हालसम्म निर्मित पुलहरु निम्न अनुसार छन्

१. झोलुङ्गे पुलः ३८ वटा
२. काठेपुलः ७ वटा
३. ट्रश (बेली) पुलः ५ वटा
४. पक्की (आरसीसी) पुलः ८ वटा


### आवास, भवन तथा सेवा केन्द्रहरु

## निजी आवास:

निर्माण सामग्रीको आधारमा निजी आवासहरुको अवस्था:




छानाको आधारमा निजी आवासहरुको अवस्था:




## घरको स्वामित्व तथा कोठा संख्या

- आफ्नै घरमा वस्ने परिवार: २३७९
- भाडाको घरमा वस्ने परिवार: २७९
- अन्य: ५९
- एउटा मात्र घर हुने परिवार: २२८८
- दुईवटा घर हुने परिवार: ३६८
- तीनवटा घर हुने परिवार: ४३
- तीनभन्दा बढी घर हुने परिवार: १२
- एक कोठे घर हुने परिवार: २४५
- दुई कोठे घर हुने परिवार: ९३८
- तीन कोठै घर हुने परिवार: ४३
- तीन भन्दा बढी कोठे घर हुने परिवा: १२

## सरकारी भवन

१. कार्यपालिकाको कार्यालय भवन:

२. वडा कार्यालय भवनहरु:

३. स्वास्थ्य चौकी भवनहरु:

४. पशु सेवा कार्यालयहरु:

५. कृषि सेवा कार्यालयहरुः


६. सामुदायिक स्वास्थ्य एकाइ भवनहरुः

७. अन्य कार्यालय भवनहरुः

## उर्जा तथा इन्धनः


### खाना पकाउने इन्धनः

कूल घरधुरीको ९६ प्रतिशत अर्थात् २६०८ घरधुरीले दाउरा, ४९ घरधुरीले एलपी ग्याँस र बाँकी ५४ घरधुरीले अन्य इन्धन प्रयोग गर्ने गरेको तथ्याङ्क छ।





### बत्तीः

२३३२ घरधुरीले लघु जलबिद्युत गृहहरुबाट उत्पादित बिजुली, ३११ घरधुरीले सौर्यबत्ती र बाँकी ३९ घरधुरीले अझै पनि मट्टितेलको टुकी प्रयोग गर्ने गरेको तथ्याङ्क छ।




### सञ्चार तथा प्रबिधिः

सञ्चार र प्रविधिको प्रयोग सम्बन्धी तथ्याङ्क निम्न अनुसार छः




## २.५ वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

गाउँपालिकाको वस्तुगत विवरणबाट वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी यथेष्ट तथ्याङ्क उपलब्ध हुन सकेको छैन। सीमित तथ्याङ्क निम्न अनुसार छः

### वन तथा चरन क्षेत्र

गाउँपालिकाभित्र १२ वटा सामुदायिक वन र १० वटा चरन क्षेत्रहरु रहेको देखिन्छः

| सामुदायिक वन | | चरन क्षेत्र | |
|---|---|---|---|
| वडा नं. | संख्या | वडा नं. | संख्या |
| १ | २ | २ | ३ |
| २ | १ | ४ | २ |
| ६ | ८ | ५ | १ |
| ७ | १ | ७ | ४ |

### जोखिमयुक्त वस्ती तथा परिवारहरु

गाउँपालिकाभित्र ५४ घर परिवारहरु पहिरोको उच्च जोखिममा रहेको देखिन्छः

- वडा नं. १ नाक्लाः २५ घर
- वडा नं. १ चितुब्याङः ५ घर
- वडा नं. ४ साप्चङ्गाः २० घर
- वडा नं. ५ फक्ताङलुङः ४ घर

गाउँपालिकाभित्र कूल २,५६६ घरहरुमा भूकम्प प्रतिरोधी प्रविधि प्रयोग गरिएको छैनः

| **वडा नं.** | **भूकम्प प्रतिरोधी प्रविधि प्रयोग नगरिएको घर संख्या** |
|---|---|
| १ | २९७ |
| २ | ५७९ |
| ३ | ३७८ |
| ४ | ३९८ |
| ५ | ३६७ |
| ६ | ४६३ |
| ७ | ८४ |
| **जम्मा** | **२५६६** |

## २.६ संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

संस्थागत विकास, सुशासन र सेवा प्रवाह सम्बन्धमा पनि अति सीमित तथ्याङ्क उपलब्ध भएको छः

## मानव संसाधनको अवस्था

- गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी संख्याः १९ जना
- विषय क्षेत्रगत शाखाहरुमा कार्यरत कर्मचारी संख्याः ३६ जना

## सरकारी कार्यालयहरु

- गाउँ कार्यपालिकाको कार्यालयः १
- वडा कार्यालयहरुः ७
- हुलाक कार्यालयहरुः ३
- प्रहरी चौकीहरुः ५
- स्वास्थ्य चौकीहरुः ७
- खोप केन्द्रः १
- पशु सेवा केन्द्रः १
- के. सी. ए. एम. सी.कार्यालयः १

## सहयोगी/सामाजिक संघसंस्थाहरु

फक्ताङलुङ गाउँपालिकाभित्र ६ वटा आमा समूह र २ वटा गैर-सरकारी संस्थाहरु रहेका छन्।

## वित्तीय संस्थाहरु

फक्ताङलुङ गाउँपालिकाभित्र ३ वटा बाणिज्य बैंक र १ वटा बचत तथा ऋण सहकारी संस्था रहेका छन्:

| बैंक | | सहकारी संस्था | |
|---|---|---|---|
| छिमेकी बैंक | वडा नं. १ | तागेरा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ५ |
| सनराइज बैंक | वडा नं. ३ | | |
| ग्लोबल आइएमई बैंक | वडा नं. ५ | | |

## गाउँपालिकाको वस्तुगत अवस्था लेखाजोखाको निष्कर्षः

गाउँपालिकाको वस्तुगत अवस्थाको लेखाजोखा गर्दा देहाय बमोजिमका तथ्यहरु उपर ध्यान दिनु आवश्यक देखिएको छः

१. जनसंख्या सम्बन्धमा राष्ट्रिय जनगणना र घरधुरी सर्वेक्षणको नतिजा मध्ये कुनलाई आधार मान्ने भन्ने कुरा निक्र्यौल गर्नु पर्ने देखिन्छ।

२. राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नजितालाई आधार मान्ने हो भने जनसंख्या घट्दै जानुको कारण पर्गेल्नु आवश्यक देखिन्छ।

३. गाउँपालिकाको गार्हस्थ उत्पादन, आयात तथा निर्यात सम्बन्धी कुनै विवरण उपलब्ध हुन सकेन।

४. गरीवीको मापन नगरिएको र जनताको सम्पन्नताको स्तर वारे तथ्याङ्क उपलब्ध हुन नसकेको कारणले आर्थिक परिसूचकहरु निर्धारण गर्न कठिनाइ हुने देखिन्छ।

५. खानेपानी आपूर्तिको अवस्था हेर्दा असुरक्षित खानेपानी उपभोग गर्ने हिस्सा निकै ठूलो देखिन्छ।

६. शौचालय विहिन घरधुरी र असुरक्षित शौचालय प्रयोग गर्ने घरधुरी संख्या पनि निकै उच्च देखिन्छ।

७. शिक्षा क्षेत्रको योजना निर्माण गर्न अति आवश्यक पर्ने विद्यार्थी भर्ना दर, निरन्तरता दर र सिकाइ उपलब्धि दर सम्बन्धी सही तथ्याङ्कको अभाव छ।

८. विद्यालय भवन, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, आदि सम्बन्धी तथ्याङ्कको अभाव छ।

९. कृषि उपजहरुको मूल्य श्रृङ्खला विकासको दिशामा कुनै प्रयास भएको देखिँदैन।

१०. वडा र पालिकास्तरीय विपद् ब्यवस्थापन योजना र पूर्वतयारी सम्बन्धी कार्य भएको देखिँदैन।

११. न्यायिक समितिको कार्य वारे कुनै जानकारी उपलब्ध हुन सकेन।

१२. पहिरो र अन्य जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरिएको वा नगरिएको वारे जानकारी उपलब्ध हुन सकेन।

♣

<u>**भाग ३**</u>

# दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

## ३.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना अनुकूल गाउँपालिकावासीहरुको जीवनस्तरमा परिमाणात्मक (Quantitative) एवं गुणात्मक (Qualitative) परिवर्तन सुनिश्चित गर्नका खातीर गाउँपालिकाको योजनाबद्ध विकासको जग बसाल्दै पन्ध्रौं पञ्चवर्षीय योजना र प्रदेश नं.१ को प्रथम आवधिक योजनाले परिलक्षित गरेका दीर्घकालीन लक्ष्य र उद्देश्यहरु हासिल गर्न सहयोग पुर्याउने हेतुले फक्ताङलुङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ।

## ३.२ पन्ध्रौं पञ्चवर्षीय योजना

पन्ध्रौं पञ्चवर्षीय योजनाले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच लिएको छ। यस योजनाले सन् २०२१ सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गरी मध्यम आयस्तर भएको मुलुकको रुपमा विकसित हुने लक्ष्य लिएको छ। यी लक्ष्यहरु हासिल गर्नको निमित्त देहाय बमोजिम १० वटा दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचकहरु र ८ वटा राष्ट्रिय रणनीतिहरु अङ्गीकार गरेको छः

<u>**समृद्धिका सूचकः**</u> (१) सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर-आबद्धता, (२) मानव पूँजी निर्माण एवं सम्भावनाको पूर्ण उपयोग, (३) उच्च र दिगो उत्पादन तथा उत्पादकत्व, र (४) उच्च र समतामूलक राष्ट्रिय आय।

<u>**सुखका सूचकः**</u> (१) परिस्कृत तथा मर्यादित जीवन, (२) सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, (३) स्वस्थ र सन्तुलित वातावरण, (४) सुशासन, (५) सबल लोकतन्त्र, र (६) राष्ट्रिय एकता, सुरक्षा र सम्मान।

<u>**राष्ट्रिय रणनीतिहरुः**</u>

(१) तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने,

(२) सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा सुनिश्चित गर्ने,

(३) आन्तरिक एवं अन्तर-प्रदेशीय अन्तर-आबद्धता एवं दिगो शहर/बस्ती विकास गर्ने,

(४) उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(५) पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,

(६) गरीवी निवारण र आर्थिक-सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,

(७) प्राकृतिक स्रोतको संरक्षण, परिचालन तथा उत्थानशीलता विकास गर्ने, र

(८) सामाजिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता प्रबर्द्धन गर्ने।

## ३.३ प्रदेश नं. १ को प्रथम आवधिक योजना

पन्ध्रौं पञ्चवर्षीय योजनासँग एकाकार हुँदै प्रदेश सरकार, प्रदेश नं.१ ले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच सहित पहिलो पञ्चवर्षीय योजना अगाडि सारेको छ।

**स्वच्छका सूचकः** (१) स्वस्थ र सन्तुलित पर्यावरण, (२) आधारभूत सरसफाइ सुविधा, (३) नवीकरणीय उर्जा र (४) जैविक कृषि।

**सुखीका सूचकः** (१) परिष्कृत र मर्यादित जीवन, (२) सभ्य र न्यायपूर्ण समाज, (३) सुशासन र (४) जीवनस्तर तथा

**समुन्नतका सूचकः** (१) उच्च र समतामूलक आय, (२) मानव पूँजी निर्माण तथा सम्भावनाहरुको पूर्ण उपयोग, (३) सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर-आबद्धता र (४) उच्च र दिगो उत्पादन तथा उत्पादकत्व रहेका छन्।

**प्रदेश योजनाले अङ्गीकार गरेको रणनीति -**

(१) कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(२) समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,

(३) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा सुविधाको पहुँच बिस्तार गर्ने,

(४) यातायात, बिद्युत, सिंचाईँ, आदि रणनीतिक महत्वका पूर्वाधारहरुको विकास गर्ने,

(५) वन, वातावरण र जैविक विविधताको विकास एवं संरक्षण गर्ने,

(६) जलवायु परिवर्तन अनुकूलनता अभिबृद्धि एवं प्रभावकारी विपद् ब्यवस्थापन गर्ने,

(७)दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासन प्रबर्द्धन गर्ने।

फक्ताङलुङ गाउँपालिकाको आवधिक योजना पन्ध्रौं पञ्चवर्षीय योजना तथा प्रदेश १ को प्रथम आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरुबाट पूर्णतः निर्देशित छन्।

## ३.४ फक्ताङलुङ गाउँपालिकाको समस्या, चुनौति र अवसर

### समस्या बिश्लेषण

| | आर्थिक क्षेत्र | सामाजिक क्षेत्र | ▪ पूर्वाधार विकास क्षेत्र | ▪ वातावरण तथा दैवी प्रकोप व्यवस्थापन | ▪ सुशासन तथा सेवा प्रवाह |
|---|---|---|---|---|---|
| **विद्यमान समस्याहरुको परिणाम** | ▪ खाद्यान्न संकट<br>▪ गरीवी<br>▪ युवा पलायन | ▪ दक्ष जनशक्ति उत्पादन हुन नसक्नु<br>▪ विद्यालय शिक्षाको गुणस्तर खस्कनु<br>▪ युवा पलायन | ▪ कार्यस्थल अभाव<br>▪ सेवा प्रवाहमा कठिनाइ<br>▪ परिवहन र आवत-जावतमा कठिनाइ | ▪ पहिरो, बाढी र आगलागीको जोखिम बृद्धि, | ▪ सेवा प्रवाहमा कठिनाइ, प्रदेश र संघीय कानूनका मापदण्ड पूरा गर्न कठिनाइ |
| **मूल समस्या** | ▪ बेरोजगारी<br>▪ कृषि तथा पशुपंक्षीपालन क्षेत्रको उत्पादन र उत्पादकत्व अत्यन्त न्यून<br>▪ उद्योग, वाणिज्य, पर्यटन क्षेत्रको योगदान शुन्य वा नगण्य<br>▪ अन्य आर्थिक विकल्पहरुको अभाव<br>▪ बाँझो जमीनको हिस्सा बृद्धि | ▪ बालबालिकाको विद्यालय निरन्तरताको प्रतिशत न्यून<br>▪ विद्यालयहरुमा कक्षा कोठा र चर्पी अपर्याप्त<br>▪ कम्प्युटर र प्राविधिक शिक्षाको अभाव<br>▪ अस्पताल, उपचार सेवा र औषधि अभाव | ▪ आवश्यक भवनहरुको निर्माणमा जटिलता र ढिलाइ<br>▪ सडक र पुल निर्माणमा जटिलता र ढिलाइ<br>▪ भरपर्दो टेलिफोन, इन्टरनेट सेवा र राष्ट्रिय बिद्युत प्रसारण लाइन जडानमा जटिलता | ▪ पहिरो र आगलागीबाट जनधनको क्षतिको जोखिम<br>▪ मापदण्डरहित घर बनाउने परिपाटी<br>▪ उद्धार र राहत सामग्री मौज्दात अभाव<br>▪ सर्बे र डीपीआर बेगर नै सडक र पूर्वाधार निर्माण | ▪ कर्मचारी अभाव र स्थायित्वमा कठिनाइ<br>▪ भरपर्दो टेलिफोन, मोबाइल र इन्टरनेटको अभाव<br>▪ आवश्यक ऐन, कानून निर्माणमा बिलम्ब |
| **समस्याको मूल कारण** | ▪ प्राविधिक ज्ञान, दक्षताको कमी<br>▪ उन्नत प्रविधि र नश्लको अभाव<br>▪ कृषि ब्यवसाय प्रति बितृष्णा, उत्प्रेरणाको कमी | ▪ उच्च शिक्षा अध्ययनबाट हुने फाइदावारे अज्ञानता<br>▪ बजेट र जमीन अभाव<br>▪ विद्यालयहरुमा | ▪ भौगोलिक बिकटता<br>▪ बजेट अभाव<br>▪ राज्यबाट पर्याप्त सहयोगको अभाव, उपेक्षा<br>▪ राजनीतिक | ▪ भिरालो भू-बनौट, अधिक खोलानाला<br>▪ भू-उपयोग नीति र भवन संहिताको अभाव<br>▪ सर्बे र डीपीआर आवश्यक छ भन्ने | ▪ कर्मचारी समायोजनमा निहित जटिलता<br>▪ सुरक्षा निकायको उपस्थिति हुन नसक्नु<br>▪ भौगोलिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | ▪ उद्योग र पर्यटन क्षेत्रको उपेक्षा<br>▪ उद्यमशीलताको कमी<br>▪ उच्च मूल्यका कृषि उपजहरु वारे ज्ञानको कमी<br>▪ नीति कार्यक्रम निर्माणमा आर्थिक विकासको उपेक्षा | बिद्युत आपूर्ति हुन नसक्नु<br>▪ प्राविधिक शिक्षा प्रबर्द्धन योजना नहुनु<br>▪ अस्पताल निर्माणको लागि जमीन, बजेट र डाक्टर अभाव | समझदारी, समन्वय र सहकार्यको कमी | चेतनाको अभाव<br>▪ प्रकोप ब्यवस्थापन योजना र पूर्वतयारीको अभाव<br>▪ जीविकोपार्जनका दिगो उपायहरु वारे अनभिज्ञता वा अरुची | बिकटता, सेवा प्रदायकको उदासीनता<br>▪ ऐन कानून निर्माणमा निहित जटिलता |

## चुनौतिहरु र प्रतिकूलताहरुः

- **भौगोलिक बिकटताः** दैवी प्रकोपको जोखिम उच्च, सेवा विस्तारमा जटिलता, विकास लागत उच्च,
- **छरिएका बस्तीः** दैवी प्रकोपको जोखिम उच्च, सेवा विस्तारमा जटिलता, विकास लागत उच्च,
- **संरक्षण र विकास बीचको विरोधाभाषः** पशुपालन र वन्यजन्तु संरक्षण तथा पूर्वाधार विकास र प्रकृति संरक्षण बीचको विरोधाभाष,
- **सन्तुलित विकासको अवधारणालाई आत्मसात गर्न कठिनाइः** भौतिक पूर्वाधार विकासलाई मात्रै विकास मान्ने मानसिकता हावी हुनु,
- **जमीनमा निजी स्वामित्वको कारण सिर्जना हुने जटिलता,**
- **कर्मचारी ब्यवस्थापनमा जटिलता,**
- **विकास बजेट कार्यान्वयनमा देखिने प्रकृयागत तथा प्रबृतिगत जटिलताः** बजेट नै फ्रिज हुने समस्या,
- **अनुगमन मूल्याङ्कनमा कठिनाइ,**
- **योजना तर्जुमाः** सम्भाव्यता अध्ययन नगरीकन योजना तर्जुमा गर्ने परिपाटी,
- **पूर्वाधार निर्माणः** सर्बे र डीपीआर तयार नगरीकन पूर्वाधार निर्माण गर्ने परिपाटी,
- **निर्वाहमुखी योजना र कार्यक्रमः** दीर्घकालीन र परिणाममुखी विकास योजना तथा कार्यक्रम निर्माण नहुनु,
- **जनसंख्याः** जनसंख्या बृद्धि शुन्य नजिक, आर्थिक रुपले सकृय जनशक्ति पलायन, श्रम शक्तिको अभाव
- **चालु खर्चको तुलनामा विकास खर्चको हिस्सा न्यून,**
- **योजनामा निहित कमिशनतन्त्र** (Setting/PC), आदि।

## अवसर र अनुकूलताहरु

१. **तमोर करिडोरको निर्माणः** आवागनममा सहजता, स्थानीय उत्पादनहरुको बजार ब्यवस्था, चीन-भारत सीमापार ब्यापार र पारवहनको ढोका खुल्ने।
२. **ओलाङ्चुङ्गोला लोकमार्गको निर्माणः** आवागनममा सहजता, स्थानीय उत्पादनहरुको बजार ब्यवस्था, सीमापार ब्यापार र पारवहनको ढोका खुल्ने।
३. **जलस्रोतको उपलब्धताः** जलबिद्युत आयोजनाहरुको निर्माणबाट पालिकाले रोयल्टी पाउने, जनताले शेयर लगानी गर्ने र मुआब्जाको अवसर पाउने, उद्योग विकासको ढोका खुल्ने, सामाजिक उत्तरदायित्व बापत विकास निर्माणमा सहयोग पुग्ने र असंख्य रोजगारीको अवसर सिर्जना हुने।
४. **टिप्ताला नाकाः** सीमापार ब्यापार र पारवहनको प्रचुर सम्भावना।
५. **कञ्चनजङ्घा क्षेत्रः** आरोहण पर्यटन र पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र।
६. **पाथीभरा मन्दिरः** धार्मिक पर्यटनको संवाहक।
७. **ओलाङ्चुङ्गोला लुम्बासुम्बा क्षेत्रः** पर्यापर्यटन, जडिबुटी र पशुपालनको प्रचुर सम्भावना बोकेको क्षेत्र।
८. **बाघथला मानाभरा मुरिङ्ला क्षेत्रः** पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र।
९. **घना जंगल क्षेत्रः** काष्ठ तथा गैर-काष्ठ वन पैदावारहरुको उत्पादनको प्रचुर सम्भावना।
१०. **बिशाल चरन क्षेत्रः** ब्यावसायिक पशुपालनको प्रचुर सम्भावना।

## ३.५ दीर्घकालीन सोचः "फक्ताङलुङको पहिचानः अलैंची, जलबिद्युत र पर्यटन"

## ३.६ समष्टिगत लक्ष्यः

भौतिक पूर्वाधार विकास, कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि, रोजगारी र आय आर्जनका यथेष्ट अवसरहरुको सिर्जना, समुदायको पुनर्उत्थानशील क्षमता अभिबृद्धि एवं सामाजिक न्याय र सुशासनको प्रत्याभूति गर्दै गाउँपालिकावासी जनताको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा गुणात्मक परिवर्तन गर्नु।

## ३.७ समष्टिगत उद्देश्य

१. गाउँपालिकावासी जनताको सामाजिक-आर्थिक विकासको लागि आवश्यक भौतिक पूर्वाधारहरुको तीव्र विकास गर्नु।

२. अलैंची लगायत कृषि क्षेत्रको आधुनिकीकरण र ब्यावसायीकरणको माध्यमबाट गाउँपालिकावासी जनताको आम्दानीमा गुणोत्तर बृद्धि गर्नु।

३. जलबिद्युत उत्पादनमा गाउँपालिकावासी जनताको लगानी सुनिश्चित गरी अधिकतम लाभ लिन सक्षम तुल्याउनु।

४. गाउँपालिकालाई पर्यटन विकासको पर्यायको रुपमा विकास गरी गाउँपालिकावासी जनताको आम्दानीको मूल प्रवाहको रुपमा विकास गर्नु।

५. रोजगारी र आय आर्जनका यथेष्ट अवसरहरु सिर्जना गरी गाउँपालिकावासी जनताको आर्थिक अवस्थामा सुधार गर्नु।

६. गाउँपालिकावासी जनताको सामाजिक अवस्थामा सकारात्मक सुधार र परिवर्तन ल्याउनु।

७. गाउँपालिकावासी जनताको पुनर्उत्थानशील क्षमता अभिबृद्धि गर्नु।

८. गाउँपालिकाभित्र सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

## ३.९ समष्टिगत रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भवन, सडक, पुल, सिंचाइँ, जलबिद्युत (उर्जा), प्रविधि र ब्यवस्थित बस्ती विकास (शहरीकरण) जस्ता आधारभूत पूर्वाधारहरुको तीब्र विकास गर्ने। | १. सडक, पुल र भवन जस्ता पूर्वाधार निर्माण गर्नु पूर्व सर्बे, डीपीआर, वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता कार्यहरु अनिवार्य गरिनेछ।<br>२. पूर्वाधार विकास र सेवा विस्तार कार्यमा हुने लागत घटाउन तथा सम्भावित दैवी विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न आफू खुशी जथाभावी घर बनाउने कार्यलाई आवश्यक नियन्त्रण गरिने छ, घर बनाउनु पूर्व निर्माण स्थलको प्राविधिक निरीक्षण र नक्शा पास गर्नै पर्ने ब्यवस्था लागू गरिने छ।<br>३. एकीकृत बस्ती विकास र आधुनिक आवास निर्माण कार्यलाई ब्यवस्थित गर्न गाउँपालिकाको भू-उपयोग नीति तर्जुमा गरी लागू गरिने छ।<br>४. पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त मोडेलमा गैर-आवासीय नेपाली समुदाय र निजी क्षेत्रको लगानी आकर्षित गर्न पहल गरिने छ।<br>५. पूर्वाधार विकासमा वातावरणमैत्री र दिगो विकासको मोडेललाई आत्मसात गरिनेछ। |

| | |
|---|---|
| २. कृषि क्षेत्रको आधुनिकीकरण र ब्यावसायीकरण, पर्यटन प्रबर्द्धन, घरेलु तथा साना उद्योगहरुको स्थापना र बजार ब्यवस्था मार्फत रोजगारी र स्वरोजगारीका यथेष्ट अवसरहरु सिर्जना गर्दै कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने। | १. कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न अन्तरबाली प्रबिधिको अधिकतम उपयोग गरिनेछ भने गुजारामुखी कृषि प्रणालीलाई व्यवसायमुखी कृषि प्रणालीमा रुपान्तर गरिनेछ।<br>२. सम्भाब्यताको आधारमा अलैंची, कफी, किबी, चिया, अभोकाडो र दाँते ओखर जस्ता उच्च मूल्यका कृषि बालीहरु तथा पशुपंक्षीपालनका पकेट क्षेत्रहरु घोषणा गरी तालिम, उन्नत बीउबिजन, नश्ल र प्राविधिक सहयोग प्रदान गरिने छ। उन्नत बीउबिजन सर्वसुलभ रुपमा उपलब्ध गराउन गाउँपालिका भित्र उपयुक्त स्थानहरुमा नर्सरीहरु स्थापना गरिने छ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उच्च सम्भावनायुक्त घरेलु तथा साना उद्योगहरु स्थापना गरी रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गरिने छ।<br>४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ (३) बमोजिम फक्ताङलुङ जस्ता क्षेत्रहरुलाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ, पर्यटन पूर्वाधार विकासमा गैर-आवासीय नेपाली समुदाय र निजी क्षेत्रको लगानी बृद्धि गर्न विशेष पहल गरिने छ।<br>५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम गाउँ कार्यपालिका मातहत पर्यटन समिति र पर्यटन क्षेत्र विकास समितिहरु गठन गरिने छ। साथै, सोही ऐनको दफा ११ (घ) (३) बमोजिम पर्यटक र पर्यटन ब्यवसायीहरुबाट लिइने प्रवेश शुल्क, सेवा शुल्क, कर र अन्य दस्तुर निर्धारण गरी लागू गरिने छ।<br>६. गाउँपालिकाभित्र घरेलु तथा साना उद्योग, सार्वजनिक यातायात, पर्यटन र अन्य उत्पादनमूलक एवं आयमूलक ब्यवसायहरु सञ्चालन गर्न वहुउद्देश्यीय सहकारी संस्था स्थापना गरी गाउँपालिकाका हरेक परिवारले गच्छे अनुसार लगानी गरी मुनाफा बाँडफाँडमा सरिक हुन सक्ने वातावरण निर्माण गरिने छ।<br>७. गाउँपालिकाभित्र आपूर्ति ब्यवस्थालाई मजबूत बनाउन तथा स्थानीय उत्पादनहरुको बजारीकरणको लागि सर्वयाम यातायात ब्यवस्था मिलाउने तथा स्थानीय स्तरमै कृषि बजार सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ। |
| ३. गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, सामाजिक समावेशीकरण र सशक्तीकरणका कार्यक्रमहरु मार्फत गाउँपालिकावासी | १. विद्यालय तथा स्वास्थ्य संस्थानका भवनहरु निर्माणको लागि बजेट ब्यवस्था गर्न संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ।<br>२. पहिलो वर्ष कक्षा ५ सम्म र आगामी ५ वर्षभित्र माध्यमिक तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन हुने ब्यवस्था मिलाइने छ।<br>३. नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अङ्गीकार गरेका सामाजिक न्याय र सुरक्षा तथा समानुपातिक समावेशिताको मर्म अनुरुप पिछडिएका जाति, वर्ग, क्षेत्र र समुदायको सशक्तीकरण र मूल- |

| | |
|---|---|
| जनताको सामाजिक अवस्थामा सकारात्मक परिवर्तन ल्याई समतामूलक समाज निर्माण गर्ने। | प्रवाहीकरणलाई उच्चतम प्राथमिकता दिइने छ।<br>४. भविष्यमा गाउँपालिकाभित्र सडक यातायात सुदृढ भई सकेपछि सम्भाव्यता र उपयुक्तताको आधारमा छरिएर रहेका विद्यालयहरुलाई मर्जरमा लैजाने र सो मार्फत विद्यालय पूर्वाधार तथा शैक्षिक गुणस्तर सुधार एवं चालु लागत न्यूनीकरण गर्न आवश्यक पहल गरिने छ।<br>५. अस्पताल र स्वास्थ्य सेवा सञ्चालनको लागि निजी क्षेत्र र अन्य संघसंस्थाहरुसँग आवश्यक समन्वय गरिने छ। |
| ४. वातावरण संरक्षण, प्रकोप ब्यवस्थापन र जीविकोपार्जनका दिगो उपायहरुको अवलम्बन मार्फत गाउँपालिकावासी जनताको पुनर्उत्थानशील क्षमता (Resilience) अभिबृद्धि गर्ने। | १. वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण जस्ता जल्दाबल्दा सवालहरुको सम्बोधन गर्नको लागि जीविकोपार्जनका दिगो एवं वातावरणमैत्री उपायहरु अवलम्बन गर्न गाउँपालिकावासीहरुलाई उत्प्रेरित गरिने छ।<br>२. दाँते ओखर, मेकाडेमिया, पिकान, अभोकाडो, भूइँकटहर, चेरी जस्ता दिगो र उच्च प्रतिफल दिने वनस्पतिहरुको ब्यावसायिक खेतीलाई प्रबर्द्धन गरिने छ।<br>३. टीक, पाउलोनिया, मलेशियन साल जस्ता उच्च गुणस्तरयुक्त काठ उत्पादन हुने र लामपाते जस्ता छिटो बढ्ने वनस्पतिहरुको ब्यावसायिक खेती प्रबर्द्धन गरी निजी वन विकासलाई बढावा दिइने छ।<br>४. पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि र उपायहरु अवलम्बन गरिने छ, स्थानीय सडकहरु निर्माण गर्दा हरित-सडकको अवधारणा अनुसरण गरिने छ।<br>६. जैविक तथा दिगो भू-ब्यवस्थापन प्रविधिमा आधारित कृषि ब्यवसाय प्रबर्द्धन गर्न विविध कृयाकलापहरु सञ्चालन गरिने छ।<br>७. पहिरो नियन्त्रणको लागि बायो इन्जिनियरिङ प्रविधिमा आधारित गुरुयोजना तर्जुमा गरी कार्यान्वियन गरिने छ।<br>८. गाउँपालिका, वडा र टोल स्तरमा विपद् ब्यवस्थापन योजना तर्जुमा, आकष्मिक विपद् ब्यवस्थापन कोष स्थापना तथा विपद् ब्यवस्थापनको पूर्वतयारीको लागि उद्दार तथा राहत सामग्री मौज्दात र उद्दार दलको ब्यवस्था गरिने छ। |
| ५. चुस्त, स्फूर्त, सदाचारयुक्त, जनउत्तरदायी, पारदर्शी जन प्रशासन र सुशासन प्रत्याभूत गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने। | १. गाउँपालिकाभित्रका हरेक सरकारी कार्यालयमा अनिवार्य रुपमा नागरिक बडापत्र राखिने छ र सोही अनुरुप सेवा प्रवाह गरिने छ।<br>२. गाउँपालिकाभित्रको सबै कार्यालयहरुमा बिद्युत्तीय शासनको अवधारणालाई मूर्त रुप दिइने छ, सरकारी कागजातहरुको बिद्युत्तीय प्रति संग्रह गरिने छ र क्रमशः कागजरहित प्रणाली तर्फ उन्मुख पद्धति विकास गरी लागू गरिने छ।<br>३. सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनियमितता अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ। |

| | |
|---|---|
| | ४. गाउँपालिकाभित्रका सरकारी कार्यालयहरुको सेवा प्रवाह सम्बन्धमा गुनासोको सुनुवाइ सम्बन्धी पारदर्शी र प्रभावकारी पद्धति विकास गरी लागू गरिने छ।<br>५. गाउँपालिकाभित्रका हरेक सरकारी कार्यालयको काम कार्यवाहीको विषयमा आवधिक रुपमा सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गर्ने ब्यवस्था मिलाइनेछ। |

♣

# भाग ४

# नतिजा खाका

## ४.१ आर्थिक क्षेत्र

### क. कृषि तथा पशुपंक्षीपालन

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कूल गार्हस्थ उत्पादनमा योगदान | रु. करोड | | १६.०० | १७.०० | १८.०० | १९.०० | २०.०० | आर्थिक सर्वेक्षण | कृषि शाखा | पकेट क्षेत्र कार्यक्रम लागू हुन्छ |
| असर १ | खाद्यान्न बाली उत्पादनमा बृद्धि | मूरी-प्रतिशत | | ०.०० | ०.२५ | ०.५० | ०.७५ | १ | आर्थिक सर्वेक्षण | कृषि शाखा | अनुकूल मौसम |
| असर २ | नगदे बाली उत्पादनमा बृद्धि | केजी-प्रतिशत | | ०.०० | ०.२५ | ०.५० | ०.७५ | १ | आर्थिक सर्वेक्षण | कृषि शाखा | पकेट क्षेत्र कार्यक्रम लागू हुन्छ |
| असर ३ | फलफूल उत्पादन बृद्धि | केजी-प्रतिशत | | ०.०० | ०.२५ | ०.५० | ०.७५ | १ | आर्थिक सर्वेक्षण | कृषि शाखा | मौसमी अनुकूलता |
| असर ४ | उच्च मूल्यका बाली उत्पादन बृद्धि | केजी | | ० | ० | १०,००० | २०,००० | ५०,००० | आर्थिक सर्वेक्षण | कृषि शाखा | पकेट क्षेत्र कार्यक्रम लागू हुन्छ |
| असर ५ | दूध उत्पादन बृद्धि | लि-प्रतिशत | | ०.०० | ५ | १० | १५ | २० | आर्थिक सर्वेक्षण | कृषि शाखा | अनुकूल मौसम |
| असर ६ | मासु उत्पादन बृद्धि | केजी-प्रतिशत | | ०.०० | ५ | १० | १५ | २० | आर्थिक सर्वेक्षण | कृषि शाखा | पकेट क्षेत्र कार्यक्रम लागू हुन्छ |
| असर ७ | अण्डा उत्पादन बृद्धि | संख्या-प्रतिशत | | ०.०० | ५ | १० | १५ | २० | आर्थिक सर्वेक्षण | कृषि शाखा | अनुकूल मौसम |
| असर ८ | कृषि उपज संकलन, भण्डारण, बिक्री केन्द्र | संख्या | | १ | २ | ३ | ४ | ५ | अनुगमन प्रतिवेदन | कृषि शाखा | राजनीतिक सहमति जुटछ |
| असर ९ | रोजगारीको अवसर सिर्जना | संख्या | | ५ | १० | २५ | ५० | १०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | असर ८ हासिल हुन्छ |

### ख. घरेलु तथा साना उद्योग

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कूल गार्हस्थ उत्पादनमा योगदान | रु. लाख | | २२७ | २५० | ३१०.०० | ४६०.०० | ६२०.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर १ | हस्तकलाजन्य उद्योगको योगदान | रु. लाख | | | | १००.०० | १५०.०० | २००.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर २ | फर्निचर उद्योग (काष्ठ तथा धातुजन्य) को योगदान | रु. लाख | | | | ५०.०० | ५०.०० | १००.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर ३ | दुग्धजन्य उद्योगको योगदान | रु. लाख | | | | २०.०० | ३०.०० | ३०.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर ४ | कृषिजन्य उद्योगको योगदान | रु. लाख | | | | १०.०० | १५.०० | २०.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर ५ | कुटानी पिसानी उद्योगको योगदान | रु. लाख | | | | १०.०० | १५.०० | २०.०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | राजनीतिक सहमति जुटछ |
| असर ६ | रोजगारीको अवसर सिर्जना | संख्या | | ० | १० | २५ | ५० | १०० | आर्थिक सर्वेक्षण | उद्योग शाखा | असर १-५ हासिल हुन्छ |

## ग. पर्यटन

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कूल गार्हस्थ उत्पादनमा योगदान | रु. लाख | | ० | १० | २० | ३० | ५० | आर्थिक सर्वेक्षण | पर्यटन शाखा | राजनीतिक सहमति जुटछ |
| असर १ | पर्यटकीय स्थल घोषणा | संख्या | | ० | ७ | ० | ० | ० | नीति, कार्यक्रम तथा बजेट | पर्यटन शाखा | राजनीतिक सहमति जुटछ |
| असर २ | पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास | संख्या | | ० | २ | २ | २ | २ | नीति, कार्यक्रम तथा बजेट | पर्यटन शाखा | राजनीतिक सहमति जुटछ |
| असर ३ | पर्यटन व्यवस्थापनको लागि क्षमता विकास | संख्या | | ० | २५ | २५ | २५ | २५ | प्रतिवेदनहरु | पर्यटन शाखा | राजनीतिक सहमति जुटछ |
| असर ४ | पर्यटन प्रबर्द्धन कृयाकलाप बृद्धि | संख्या | | ० | १ | १ | १ | १ | प्रतिवेदन/सम्झौतापत्रहरु | पर्यटन शाखा | |

## घ. सहकारी

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कूल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान | रु. लाख | | ० | ५ | २५ | ५० | १०० | आर्थिक सर्वेक्षण | सहकारी शाखा | राजनीतिक सहमति जुटछ |
| असर १ | सहकारी संस्थाहरुको निक्षेप | रु. लाख | | ० | १० | २० | ५० | १०० | आर्थिक सर्वेक्षण | सहकारी शाखा | राजनीतिक सहमति जुटछ |
| असर २ | सहकारी संस्थाहरुको लगानी | रु. लाख | | ० | ७.५ | १५ | ४० | ८० | आर्थिक सर्वेक्षण | सहकारी शाखा | राजनीतिक सहमति जुटछ |
| असर ३ | रोजगारीको अवसर सिर्जना | संख्या | | ० | १० | २५ | ५० | १०० | आर्थिक सर्वेक्षण | सहकारी शाखा | असर १ र २ हासिल हुन्छ |

## ४.२ सामाजिक क्षेत्र

### क. शिक्षा

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | मानव विकास सूचकाङ्क | सूचकाङ्क | | ०.५२३ | ०.५४२ | ०.५६१ | ०.५८० | ०.६०० | मानव विकास प्रतिवेदन | शिक्षा शाखा | |
| असर १ | साक्षरता दर | प्रतिशत | | ८७ | ८८ | ९० | ९५ | १०० | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |
| असर २ | आधारभूत तह उतीर्ण | प्रतिशत | | १५ | १८ | २१ | २४ | २७ | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |
| असर ३ | माध्यमिक तह उतीर्ण | प्रतिशत | | ५ | ६ | ७ | ८ | १० | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |
| असर ४ | उच्च शिक्षा उतीर्ण | प्रतिशत | | ०.६ | ०.७ | ०.८ | ०.९ | १ | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |
| असर ५ | प्राविधिक तथा ब्यावसायिक शिक्षा तथा तालिम प्राप्त | संख्या | | ० | ० | १० | १० | १० | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |
| असर ६ | विद्यालय नगएका ५ वर्ष मुनिका बालबालिका | संख्या | | ४० | ३० | २० | १० | ० | पालिकाको अध्यावधिक तथ्याङ्क | शिक्षा शाखा | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर ७ | विद्यालय कम्प्युटर शिक्षाको पहुँच | प्रतिशत | | १० | २० | ३० | ४० | ५० | विद्यालयहरुको अभिलेख | शिक्षा शाखा | |

*(मानव विकास सूचकाङ्क स्रोतः प्रदेश १ को प्रथम आवधिक योजना)*

## ख. स्वास्थ्य

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | अपेक्षित औसत आयु (जन्म हुँदा) | वर्ष | ७०.७० | ७१.०० | ७१.५० | ७२.०० | ७२.५० | ७३.१० | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| असर १ | नवजात शिशु मृत्यु दर | प्रति हजार जीवितमा | २२ | २१ | २० | १९ | १८ | १७ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| | ५ वर्षमुनिको बाल मृत्यु दर | | ३६ | ३३ | ३० | २७ | २४ | २२ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| असर २ | संस्थागत प्रसूती सेवा | प्रतिशत | ६२ | ६५ | ६८ | ७१ | ७३ | ७५ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| | दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसूती सेवा | प्रतिशत | ५६.६ | ६० | ६४ | ६८ | ७२ | ७५ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| | सुत्केरी तथा नवजात शिशुको नियमित जाँच र उपचार सेवा | प्रतिशत | ११.८ | १६ | २० | २४ | २८ | ३२ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| | पूर्ण खोप सेवा | प्रतिशत | ७९.७ | ८२ | ८५ | ८९ | ९२ | ९५ | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| | प्रोटोकल अनुसारको गर्भवती जाँच सेवा | प्रतिशत | ६० | ६५ | ७० | ७४ | ७७ | ८० | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |
| असर ३ | ३० मिनेटको दूरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच | प्रतिशत | २० | २० | ३० | ४० | ५० | १०० | मानव विकास प्रतिवेदन | स्वास्थ्य शाखा | |

*(प्रदेश १ को प्रथम आवधिक योजनामा आधारित)*

## ग. खानेपानी तथा सरसफाइ

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | आधारभूत खानेपानी सेवा पुगेको जनसंख्या | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | गाउँपालिकाको वस्तुगत विवरण | योजना शाखा | |
| | आधारभूत सरसफाइ सेवा पुगेको जनसंख्या | प्रतिशत | | ९५ | ९६ | ९७ | ९८ | १०० | गाउँपालिकाको वस्तुगत विवरण | योजना शाखा | |
| असर १ | धारा पाइपबाट खानेपानी पुगेको घरसंख्या | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | पालिकाको अध्यावधिक तथ्याङ्क | योजना शाखा | |
| असर २ | पक्की शौचालय निर्माण गरेको घरसंख्या | प्रतिशत | | ९६ | ९७ | ९८ | ९९ | १०० | पालिकाको अध्यावधिक तथ्याङ्क | योजना शाखा | |
| असर ३ | खुला दिसा मुक्त वडाहरु | संख्या | | २ | ५ | ५ | ५ | ६ | पालिकाको अध्यावधिक तथ्याङ्क | योजना शाखा | |
| असर ४ | फोहोर व्यवस्थापन गर्ने घरसंख्या | प्रतिशत | | ९६ | ९७ | ९८ | ९९ | १०० | पालिकाको अध्यावधिक तथ्याङ्क | योजना शाखा | |

## घ. सामाजिक सुरक्षा तथा समावेशिता

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | लैंगिक विकास | सूचकाङ्क | ०.९२५ | ०.९३१ | ०.९३८ | ०.९४८ | ०.९५८ | ०.९६३ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| | सामाजिक समावेशीकरण | सूचकाङ्क | ०.४० | ०.३९ | ०.३८ | ०.३७ | ०.३६ | ०.३६ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| | सामाजिक सुरक्षाको अनुभूति | सूचकाङ्क | ४.७ | ४.८ | ४.९ | ५.० | ५.१ | ५.२ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| असर १ | लैंगिक सशक्तीकरण | सूचकाङ्क | ०.५७ | ०.५९ | ०.६२ | ०.६४ | ०.६७ | ०.६९ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| | लैंगिक असमानता न्यूनीकरण | सूचकाङ्क | ०.३८ | ०.३६ | ०.३४ | ०.३२ | ०.३० | ०.२८ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| असर २ | राजनीतिक सशक्तीकरण परिसूचक | सूचकाङ्क | ०.७० | ०.७१ | ०.७२ | ०.७३ | ०.७४ | ०.७५ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| | सामाजिक सशक्तीकरण | सूचकाङ्क | ०.४८ | ०.४९ | ०.५० | ०.५२ | ०.५४ | ०.५५ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिसूचक | | | | | | | | | | |
| | आर्थिक सशक्तीकरण परिसूचक | सूचकाङ्क | ०.४३ | ०.४४ | ०.४६ | ०.४८ | ०.५० | ०.५२ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |
| असर ३ | सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त जनसंख्या | प्रतिशत | २७ | ३० | ३३ | ३६ | ३९ | ४२ | दिगो विकास लक्ष्य | सामाजिक विकास शाखा | |

## ४.३ पूर्वाधार क्षेत्र

### क. भवन

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सेवा प्रवाहमा सहजता | प्रतिशत | ० | ० | २५ | ५० | ७० | १०० | | | |
| असर १ | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | संख्या | ० | ० | १ | ० | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर २ | वडा कार्यालय भवन निर्माण | संख्या | ० | २ | २ | २ | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ३ | विद्यालय भवन निर्माण | संख्या | ० | १ | २ | २ | ६ | १ | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ४ | अस्पताल भवन निर्माण | संख्या | ० | ० | ० | १ | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ५ | स्वास्थ्य चौकी भवन निर्माण | संख्या | ० | २ | ३ | ० | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ६ | स्वास्थ्य इकाइ भवन निर्माण | संख्या | ० | १ | १ | १ | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ७ | सामुदायिक भवन निर्माण | संख्या | ० | २ | २ | १ | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |
| असर ८ | सभागृह निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |

### ख. सडक तथा पुल

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | गाउँपालिका केन्द्र र वडाहरु सर्वयाम सडकले जोडिने। | किमि | | ० | २० | २० | २० | २० | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | बजेट उपलब्ध हुन्छ |

## ग. उर्जा

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | जलबिद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | | | सर्वेक्षण | योजना शाखा | |
| | दाउराको खपथमा कटौती | प्रतिशत | | | | | | | सर्वेक्षण | योजना शाखा | |
| असर १ | राष्ट्रिय प्रसारण लाइन जडित वडा संख्या | संख्या | ० | ३ | ३ | ० | ० | ० | सर्वेक्षण | योजना शाखा | |
| | जलबिद्युत आयोजना निर्माण | संख्या | ० | ० | ० | ० | ० | १ | निर्माण सम्पन्न प्रतिवेदन | योजना शाखा | |

## घ. सूचना, संचार तथा प्रबिधि

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | आमसञ्चारका साधनमा जनताको पहुँच | प्रतिशत | | २५ | ३५ | ५० | ७५ | १०० | सर्वेक्षण | सूचना शाखा | |
| असर १ | रेडियो प्रयोगकर्ता | | | ५० | ४० | ३० | २० | १० | सर्वेक्षण | सूचना शाखा | |
| असर २ | टेलिभिजन प्रयोगकर्ता | | | २५ | ३५ | ५० | ७५ | १०० | सर्वेक्षण | सूचना शाखा | |
| असर ३ | मोबाइल फोनमा पहुँच (उमेर > १५ वर्ष) | | | ३० | ४५ | ६० | ७५ | ९० | सर्वेक्षण | सूचना शाखा | |
| असर ५ | इन्टरनेटमा पहुँच | | | | ४५ | ६० | ७५ | ९० | सर्वेक्षण | सूचना शाखा | |

## ङ. सिंचाइँ

| नतिजा | नतिजा सूचक | इकाइ | आधार वर्ष | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| स्तर | | | २०७८/७९ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सिंचाइँको व्यवस्था भएको खेतीयोग्य जमीन | प्रतिशत | | ३० | ४० | ५० | ७५ | १०० | सर्वेक्षण | योजना शाखा | |
| असर १ | सिंचाइँ कुलो निर्माण तथा मर्मत | संख्या | | २ | ३ | २ | २ | २ | प्रतिवेदन | योजना शाखा | |

## ४.४ वातावरण संरक्षण, भू-संरक्षण तथा विपद् ब्यवस्थापन क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष | पूर्व शर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर १ | वन क्षेत्रको क्षेत्रफल बृद्धि | प्रतिशत | ४२ | ४२ | ४५ | ५० | ५५ | ६० | सर्वेक्षण | वातावरण शाखा | |
| असर २ | पहिरोको नियन्त्रण योजना तर्जुमा | संख्या | ० | ० | ० | १ | १ | १ | प्रतिवेदन, निर्णय पुस्तिका | वातावरण शाखा | |
| असर ३ | वडा स्तरीय विपद् ब्यवस्थापन योजना तर्जुमा तथा पूर्वतयारी | संख्या | ० | ० | ५ | ० | ० | ० | प्रतिवेदन, निर्णय पुस्तिका | वातावरण शाखा | |
| असर ४ | नमूना पहिरो नियन्त्रण आयोजना | संख्या | ० | ० | ० | ० | ० | १ | प्रतिवेदन, निर्णय पुस्तिका | वातावरण शाखा | |
| असर ५ | बस्ती स्थानान्तरण | संख्या | ० | ० | ० | ० | १० | १० | प्रतिवेदन, निर्णय पुस्तिका | वातावरण शाखा | |

## ४.५ सुशासन तथा सेवा प्रवाह क्षेत्र

| नतिजा स्तर | नतिजा सूचक | इकाइ | आधार वर्ष २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कानूनी शासन सूचकाङ्क | सूचकाङ्क | ०.५३ | ०.५४ | ०.५५ | ०.५६ | ०.५७ | ०.५८ | तथ्याङ्क विभाग | सामान्य प्रशासन |
| | भ्रष्टाचार अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३१ | ३३ | ३५ | ३७ | ३९ | ४१ | तथ्याङ्क विभाग | सामान्य प्रशासन |
| असर १ | ऐन, कानून, निर्देशिका निर्माण | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय राजपत्र | सामान्य प्रशासन |
| असर २ | कर्मचारी, जनप्रतिनिधि क्षमता विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | प्रतिवेदन | सामान्य प्रशासन |
| असर ३ | ई-बिडिङ मार्फत सार्वजनिक खरिद | प्रतिशत | ० | ० | २० | ३० | ४० | ५० | सार्बजनिक खरीद अभिलेख | सामान्य प्रशासन |
| असर ४ | सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण | संख्या | | ५ | ५ | ५ | ५ | ५ | प्रतिवेदन | सामान्य प्रशासन |
| असर ६ | डीपीआर निर्माण | संख्या | | १० | १० | १० | १० | ६ | प्रतिवेदन | योजना |

# सन्दर्भ-सूची


१. फक्ताङलुङ गाउँपालिकाको वस्तुगत विवरणको अन्तिम प्रतिवेदन, २०७६।

२. नेपालको संविधान, २०७२।

३. प्र.यो.आ., प्रदेश नं. १, प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)।

४. रा.यो.आ., पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।


♣